# बरेङ गाउँपालिका

# स्थानीय राजपत्र

## बरेङ गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ९ संख्या ६९, मिति २९ साउन २०८२

भाग २

**बरेङ गाउँपालिका**

**महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सम्मानजनक विदाई कार्यक्रम सञ्चालन मापदण्ड, २०८२**

१. **उद्देश्यः** सामुदायिक सेवामा १० बर्ष सेवा गरेका, कार्यरत रहेकै अवस्थामा घातक रोग लागि सेवा छोड्न पर्ने अवस्था आएका वा मृत्यू भएका तर सरकारद्वारा सम्मानजनक विदाईको अवसर प्राप्त नगरेका(सम्मानजनक विदाईको मापदण्डमा नपरेका) सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकारहरुलाई गाउँपालिकाद्वारा नगद सहित सम्मानजनक विदाई गर्ने ।

२. **कानुनी आधारः-** बरेङ गाउँपालिकाको प्रशासकीय कार्यविधि(नियमन गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाको मिति २०८२/०४/२९ गतेको बैठकद्वारा स्वीकृत भई लागु गरिएको ।

३. **बजेट व्यवस्थाः** गाउँपालिकाद्वारा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सम्मानजनक विदाई शीर्षकमा बिनियोजित रकम ।

४. **प्रयोजनः** प्रकरण १ मा उल्लेख भएका मापदण्ड पुरा गरेका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको कामको मूल्याङ्कन गर्दै प्रोत्साहन स्वरुप सम्मानजनक विदाई गर्ने ।

५. **सम्मानजनक विदाई प्राप्त गर्नको लागि योग्यताः- क)** महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका छनौट भई १० बर्ष वा सो भन्दा बढी अवधी सेवा गरेका र आफ्नै ईच्छाले हट्न चाहेका । **ख)** महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका छनौट भई काम गरिरहेकै अवस्थामा घातक रोग लागी सेवाबाट हट्न चाहेका । **ग)** महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका छनौट भई कार्यरत रहेकै अवस्थामा कुनै कारणवस मृत्यू भएका ।

६. **उपलब्ध गराउने रकमः- क)** प्रकरण ४ अनुसारको मापदण्ड पुरा गरेका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई हाल सम्म गरेको कामको मूल्याङ्कन गर्दै प्रोत्साहन स्वरुप नगदै उपलब्ध गराईने छ । **ख)** दश वर्ष सम्म सेवा गरेकोमा नगद रु. १०,०००। **ग)** १० वर्ष देखि २० वर्ष सम्म सेवा गरेकोमा नगद रु. १५,०००। **घ)** २० वर्ष भन्दा बढी अवधी सेवाको लागि नगद रु. २०,०००।

७. **सम्मानजनक विदाई बापतको रकम प्राप्त गर्ने प्रकृयाः- क)** प्रकरण ४ बमोजिमको योग्यता पुगेका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले सम्बन्धित स्वास्थ्यचौकीमा निवेदन पेश गर्नु पर्ने छ । **ख**) उप प्रकरण(क) बमोजिम निवेदन प्राप्त भए पछि स्वास्थ्यचौकीले अन्य आवश्यक विवरणहरु समेत खुलाई गाउँपालिकामा सिफारिस गर्नु पर्ने छ । **ग)** उप प्रकरण(क) र (ख) बमोजिमको कागजात र प्रकरण ७ बमोजिमको कागजात समेतको आधारमा गाउँपालिकाले सम्मानजनक विदाई सम्बन्धी निर्णय गरी सम्बन्धित स्वास्थ्यचौकी र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई जानकारी गराउने छ ।

८. **निवेदन साथ महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले संलग्न गर्नुपर्ने कागजातहरुः- क)** प्रकरण ४(क) बमोजिम निवेदन पेश गर्ने महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले आफु छनौट भएको आमा समूहको निर्णय र राजिनामा स्वीकृत भएको निर्णय पेश गर्नु पर्ने छ । **ख)** प्रकरण ४(ख) बमोजिम निवेदन पेश गर्ने महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले नेपाल सरकारद्वारा सूचीकृत गरिएको घातक रोग लागेको कागजात र सम्बन्धित आमा समूहद्वारा राजिनामा स्वीकृत भएको निर्णय पेश गर्नुपर्ने छ । **ग)** प्रकरण ४(ग)

बमोजिम निवेदन पेश गर्ने महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको हकवालाले सम्बन्धित वडाको मृत्यू दर्ता प्रमाण पत्र पेश गर्नुपर्ने छ। **घ)** उल्लेखित कागजातहरुको साथमा प्रकरण ६ बमोजिमको कागजात समेत पेश गर्नुपर्ने छ।

९. **प्रतिवेदनः** स्वास्थ्य शाखाले यस सम्बन्धी अभिलेख तथा प्रतिवेदन तयार गरी प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराइ अभिलेख राख्नुपर्ने छ।

१०. **अनुगमनः** बरेङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले कार्यक्रमको प्रभावकारीता सम्बन्धी अनुगमन गर्नेछ।

११. **बन्देज गरिएकोः-** प्रकरण ५ बमोजिम रकम उपलब्ध गराउने सन्दर्भमा प्रकरण ४ अनुसारको योग्यता नपुगेका र नेपाल सरकारद्वारा उपलब्ध गराउने सम्मानजनक विदाई रकम प्राप्त गर्ने महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई सुविधा प्राप्त गर्न बन्देज गरिएको छ।

**आज्ञालेः-**

खड्ग वि. क

प्रमुख प्रशासकीय अधिकृत